# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को पाँचौ संशोधन (२०७३) मा नागरिक समाजको भूमिका र कार्यदिशा



फियान नेपाल

प्रकाशक

FIAN Nepal

फियान नेपाल

सहयोग

Brot für die Welt

Brot für die Welt –
Evangelischer
Entwicklungsdienst

MISEREOR
IHR HILFSWERK

**फियान नेपाल**
केन्द्रीय कार्यालय : नयाँ बानेश्वर–१०, काठमाडौं, नेपाल
पो.ब.नं. ११३६३
फोन नं. ०१४७८१६५४, ४७८३९६५
फ्याक्स : ०१४७८२२२३
ईमेल : **info@fiannepal.org**
वेवसाइट : **www.fiannepal.org**

**प्रादेशिक सम्पर्क कार्यालय :**
धनगढी – सुदूरपश्चिम प्रदेश
सुर्खेत – कर्णाली प्रदेश
नेपालगञ्ज – लुम्बिनी प्रदेश
जनकपुर – प्रदेश नं. २

**जिल्ला सम्पर्क कार्यालय :**
धादिङ, बझाङ, बाजुरा

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
(पाँचौ संशोधन, २०७३)

# नागरिक समाजको पहल र उपलब्धी

FIAN Nepal

फियान नेपाल

**फियान नेपाल**
पो.व.नं. ११३६३, काठमाडौं, नेपाल
फोन नं. ४७८१६५४, ७४८३९६५
फ्याक्सः ४७८२२२३
ईमेलः info@fiannepal.org
URL: www.fiannepal.org

सर्वाधिकारः फियान नेपालमा निहित

पहिलो प्रकाशन : ५०० प्रति

प्रकाशन मिति : २०७८

# १. पृष्ठभूमि

सृष्टिको अन्य जीव र वनस्पति मानिसको साहारा हो र यसको अभावमा मानव जीवनको अस्तित्व पनि संकटमा पर्दछ । पर्यावरण सन्तुलित राखी माटो, पानी र वायूलाई कालान्तरसम्म जीवित राख्न जीव र वनस्पतिको व्यवस्थपन सहितको संरक्षण अपरिहार्य छ । यही तथ्यलाई मध्यनजर राख्दै नेपालमा पनि २०२९ साल देखि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रहरुको स्थापना भएको थियो । हाल देशभरी १२ निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष र ६ संरक्षण क्षेत्र रहेको छ भने यसले कूल क्षेत्रफलको २३.३९ प्रतिशत भु-भाग ओगटेको छ[1] । राम्रा उद्देश्यका साथ स्थापना भएका यस्ता क्षेत्रहरुको उचित व्यवस्थापनमा कमी, सम्बन्धित नीति, नियम कानूनको निर्माण र प्रभावकारी कार्यान्वयनमा स्थानीयको न्यून सहभागिता वा सहभागिता विहिनहुनु, सम्बन्धित कानूनको सकारात्मक प्रावधानको कार्यान्वयनमा कमी आदिको कारण यस्ता क्षेत्रहरु समुदाय, सरकार र वन्यजन्तु बिचको द्वन्द्वको अखडा बन्दै गएको छ । फलस्वरुपः मध्यवर्ती क्षेत्रका वासिन्दा आफ्नै भूमिमा पीडित भएका छन् भने नागरिक र स्थानीय सरकार दुवैले **'मध्यवर्ती क्षेत्र हटाउ, चाहिँदैन**[२]**'** सम्म भन्ने अवस्थामा पुगेका छन् ।

---

१ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग http://www.dnpwc.gov.np/ne/

२ निकुञ्ज र जनता बीच द्वन्द्व बढ्दै गएपछि चितवन जिल्लाको माडी नगरपालिकाले नगरभित्रको मानव वस्तीलाई मध्यवर्तीबाट हटाउन पहल थालेको छ । हाल माडी नगरपालिकाले सबै क्षेत्र मध्यवर्तिमा परेकोले निकुञ्जसँग जोडिएका बढीमा २५ प्रतिशत क्षेत्र मात्रै मध्यवर्तीमा राखेर अन्य भूभाग मध्यवर्तीबाट हटाउन पहल शुरु गरेको हो । मध्यवर्ती क्षेत्रमा हरेक विकास निर्माण, प्राकृतिक श्रोत साधनको प्रयोग गर्दा निकुञ्जसँग अनुमति लिनुपर्ने बाध्यता भएपछि नगरपालिकाले हटाउन पहल थालेको हो । माडीबासी नागरिकहरुले पनि मध्यवर्ती खारेजीको माग उठाउँदै आएका छन् । माडी नगरपालिकामा ढुङ्गा, गिटी बालुवाको प्रसस्त श्रोत छ तर मध्यवर्ती क्षेत्रमा भएकै कारण नगरपालिकाले सहज उपभोग गर्न पाएको छैन । मध्यवर्तीबाट बाहिरिदै गर्दा ढुङ्गा, गिटी, बालुवा लगायतको प्राकृतिक श्रोत साधन अधिकतम उपयोग गरी विकास निर्माण गर्न सकिने माडीको नगरप्रमुखको भनाई छ । निकुञ्ज ऐनमा तोकिएको मध्यवर्ती क्षेत्रको परित्याग, स्वामित्व हस्तान्तरण वा सिमाना हेरफेर नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ भन्ने स्पष्ट व्यवस्था पनि रहेको छ । *चितवन, सन्देश न्यूज डेष्क २०७७ श्रावण १५ गते विहिबार, साँझ ५:४८ मा प्रकाशित*

## २. ऐन संशोधनको आवश्यकता

नेपालको कूल जनसंख्याको करिब एकतिहाई जनसंख्या मध्यवर्ती क्षेत्रमा बसोवास गरिरहेका छन् र उनीहरुको जिविकोपार्जन प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा निकुञ्ज तथा संरक्षित क्षेत्रले ओगटेका जल, जमिन र जङ्गलमा आश्रित रहेको छ । यस क्षेत्रमा बसोवास गर्ने वासिन्दा आदिवासी जनजाति विशेषतः थारु, सोनाहा, मलाहा, बोटे, दराई राजी, माझी, दनुवार, चेपाङ आदिको प्राकृतिक श्रोत माथि पहुँच नहुँदा खाद्य अधिकार जोखिममा रहेको छ । यी समुदायहरुको बसोबास उक्त क्षेत्रमा निकुञ्ज तथा आरक्षहरु स्थापना हुनुभन्दा पहिलेदेखि नै रहेको थियो । उक्त समयमा उनीहरुले जीविकोपार्जनको लागि सो क्षेत्रका प्राकृतिक श्रोत साधानको संकलन, उपभोग र संरक्षण समेत स्वतन्त्र रुपमा गर्दै आएका थिए तर सरकारले उक्त समुदायहरुसँग आवश्यक छलफल तथा परामर्श बिना निकुञ्ज तथा आरक्षहरुको स्थापना गरेको कारण एकातिर स्थानीय बासिन्दाको जीविकोपार्जनको विद्यमान प्राकृतिका श्रोत - जल, जमिन र जंङ्गल माथिको पहुँचमा बन्देज लाग्न गई खाद्य सुरक्षा संकटमा गएको छ भने अर्कोतिर निकुञ्ज प्रशासन, स्थानीय वासिन्दा र वन्यजन्तु बिच द्वन्द्व सिर्जना भएकोले यी विषयहरु सम्बोधनका लागि ऐनको पाँचौ संशोधन आवश्यक रहेको थियो ।

## ३. ऐन संशोधन सम्बन्धमा नागरिक समाजको पहल

ऐन संशोधनका क्रममा फियान नेपाल लगायत यस क्षेत्रमा कार्यरत सरोकारवाला संघ संस्था र नागरिक समाजले विभिन्न समयमा महत्वपूर्ण पहलकदमीहरु निम्नअनुसार गरेको थियो ।

### ३.१. अध्ययन/अनुसन्धानः



“स्थानीय समुदाय र निकुञ्ज विचको द्वन्द्व र यसले जीविकोपार्जनमा पारेको असर/प्रभाव” बारे फियान नेपालले २०७३ वैशाख/जेठमा विस्तृत अध्ययन गरेको थियो । कोशीटप्पु वन्यजन्तु आरक्ष (सुनसरी), चितवन, बर्दिया र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज (चितवन, वर्दिया र काठमाण्डौ) लाई केन्द्रित गरी सम्पन्न अध्ययनले तराई, भित्री तराई र पहाडी क्षेत्रमा अवस्थित निकुञ्ज र आरक्ष

क्षेत्रलाई समेटेको थियो । अध्ययनको मुख्य उद्देश्य मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने समुदायको जीविकोपार्जन र खाद्य सुरक्षाको अवस्था, विद्यमान कानूनी जटिलता र यसको कार्यान्वयनमा भएका कठिनाईहरु पहिचान गरी सो को सम्बोधनका लागि सरोकारवाला र स्थानीय नागरिकलाई आवश्यक सुझाव दिनु रहेको थियो ।

## अध्ययनको निष्कर्षहरु

क. प्राकृतिक श्रोत/साधन माथि स्थानीयको पहुँच न्यून हुँदै गएको कारण मध्यवर्ती क्षेत्रमा वसोवास गर्ने स्थानीय समूदाय विशेषत आदिवासी जनजातिहरुको परम्परागत पेशा व्यवसाय, ज्ञान, सीप दिनानुदिन लोप हुँदै गएको,

ख. विद्यमान नीति, नियम, कानून आदिको विचमा पर्याप्त अस्पष्टता तथा विरोधाभाष कायमै रहेको र त्यसलाई न्यूनीकरण गर्नेतर्फ सम्बन्धित निकायको ध्यान केन्द्रित नभएको,

ग. मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने नागरिकको वन्यजन्तुबाट हुने कृषिबाली र पशुधन क्षतिको तुलनामा निकुञ्ज/आरक्षबाट उपलब्ध गराईने राहत न्यून हुनका साथै प्राप्त गर्ने प्रक्रिया अत्यन्तै झन्झटिलो भएको,

घ. मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायका महिलाहरुले निकुञ्ज प्रशासन र सुरक्षा निकायबाट विभिन्न समयमा शारीरिक, मानसिक, यौन हैरानी, दुर्व्यवहार र हिंसाको सामना गर्नु परेको,

ङ. मध्यवर्ती क्षेत्र व्यवस्थापन परिषद् र अन्य निर्णायक समूह/समितिहरुमा मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने महिला, सिमान्तकृत समुदायका आदिवासी जनजाति आदिको अर्थपूर्ण सहभागिता नभएको र भएपनि उनीहरुलाई निर्णय प्रकृयामा पूर्ण स्थान नदिएको,

च. स्थानीय आदिवासी जनजातिहरुको जीविकोपार्जन, पेशा व्यवसाय, ज्ञान, सीप आदिको उचित र दीगो संरक्षण नहुनु र यस्ता सावलहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष असर/प्रभाव पर्ने कुनै पनि कार्य गरिदा उनीहरुसँग पूर्व, सुसुचित जानकारी सहितको मन्जुरी नलिनु वा उनीहरुको जीविकोपर्जानलाई वास्ता नगरिनु ।

## ३.२. नीति निर्माताहरुसँग वकालत तथा पैरवी :

क. **संविधान सभा, वन तथा वातावरण समितिका माननीय सदस्यहरुसँग भेटघाट/छलफलः** अध्ययन निष्कर्षको आधारमा समुदाय र सरकारको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्न संस्थाले स्पष्ट र सटिक **अवधारणा निर्माण** गरी मिति २०७३ साउन (July 2016) मा तत्कालीन संविधान सभाको वन

तथा वातावरण समितिका माननीय सदस्यहरु राजाराम स्याङतान, जनक चौधरीज्यू लगायतसँग सिंहदरबार स्थित उहाँहरुकै कार्यकक्षमा औपचारिक छलफल सम्पन्न भएको थियो । उक्त छलफलमा अध्ययनको निष्कर्ष र यसले समुदायमा पारेको असर प्रभावबारे छलफल हुनाको साथै पाँचौ **संशोधनको क्रममा रहेको राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन, २०२९** सम्बन्धी उक्त समितिले निर्वाह गर्ने भूमिका र सम्पन्न गर्ने क्रियाकलापहरुलाई कसरी सहजीकरण गर्न सकिन्छ भन्ने सन्दर्भमा संस्था र समितिका सदस्यज्यूहरु विच साझा बुझाई स्थापित भएको थियो । अन्त्यमा, ऐनलाई खाद्य अधिकारको दृष्टिकोणबाट संशोधन गर्नका लागि संसदीय समिति र नागरिक समाज बिच समन्वय र सहकार्य गरी अगि बाँड्ने सहमति भएको थियो ।

ख. **वन तथा वातावरण संरक्षण समितिद्वारा प्रभावित समुदायमा स्थलगत भ्रमण, अवलोकन तथा अन्तरक्रिया:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (पाँचौ संशोधन) कार्यदल सदस्य तथा तत्कालीन संविधान सभाको वन तथा वातावरण संरक्षण समितिका माननीय सदस्यज्यूहरुले के कस्ता सवालहरु विद्यमान छन् र सो को न्यूनीकरणको लागि संशोधन मार्फत ऐनमा के कस्ता प्रावधानहरु समेटिनु जरुरी छ भन्ने बारेमा बर्दिया र चितवन राष्ट्रिय निकुञ्ज प्रभावित समुदायसँग मिति २०७३ भाद्र ६ र ९ (22 and 25 August 2016) मा छलफल तथा अन्तरसम्बाद कार्यशाला सम्पन्न गरेको थियो । उक्त अन्तरसम्बादको **उद्देश्य समुदायको भोगाई र सिकाईहरुलाई सुनी दस्तवेजीकरण गर्ने, जीविकोपार्जन, मध्यवर्ती क्षेत्रको शान्ति सुरक्षा, भूमिको भोगचलन र उपयोग, वन तथा नदीजन्य श्रोतमा समुदायको पहुँच, स्थानीय स्तरमा हुने निर्णय प्रकृयामा समुदायको सहभागिता आदि विषय तथा सवालहरुमा समुदायको धारणा बुझी सल्लाह सुझाव लिने र ऐन संशोधनको लागि अगाडि बढ्नु रहेको थियो ।** यो कार्यक्रमले कार्यदललाई ऐनमा भएको विभेदकारी प्रावधानहरु संशोधन गर्न आवश्यक सूचना प्राप्त हुनाको साथै समुदायको के कस्ता सवालहरु तत्काल वा दिर्घकालीन रुपमा सम्बोधन गर्न आवश्यक छ भन्ने विषय बारे यथेष्ट जानकारी संकलन गर्न टेवा पुगेको थियो ।

ग. **बहुसरोकारवाला सम्वाद :** समितिका माननीय सदस्यज्यू र संस्थाको बिच भएको साझा बुझाईको आधारमा मिति २०७३ भाद्र २३ (8 September 2016) मा



वन तथा वातावरण समितिका माननीय सदस्यज्यूहरु, निकुञ्ज प्रभावित क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने माननीय सदस्यज्यूहरु, सम्बन्धित सरकारी तथा विभिन्न गैर सरकारी संस्थाका प्रतिनिधि, निकुञ्ज/आरक्ष/संरक्षित क्षेत्र प्रभावित समुदायका प्रतिनिधि, सञ्चार क्षेत्र, कृषक प्रतिनिधिको उपस्थितिमा **'बहुसरोकारवाला सम्वाद कार्यक्रम'** सम्पन्न भएको थियो । कार्यक्रमको मुख्य उद्देश्य फियान नेपालले सम्पन्न गरेको अध्ययनको मुख्य निष्कर्ष बारे जानकारी दिने, राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन, २०२९ मा भएको विभेदकारी प्रावधानहरु बारे चर्चा गर्ने, उक्त ऐनको सकारात्मक प्रावधान कार्यान्वयन हुन नसकेको कारण मध्यवर्ती क्षेत्रका वासिन्दाले भोग्नु परेको प्रतिकूल अवस्था, स्थानीयको जिविकोपार्जनमा परेको असर प्रभाव साथै समुदायको सवाललाई सम्बोधन गर्न ऐनको कुन प्रावधानहरु के कसरी संशोधन वा हटाईनु पर्दछ भन्ने बारेमा गहन छलफल तथा बहस गर्ने रहेको थियो । उक्त सम्वाद कार्यक्रममा ऐनको पाँचौ संशोधनको नेतृत्व गर्नुहुने माननीय सदस्य राजाराम स्याङतानले ऐनको निम्न लिखित व्यवस्थाहरु स्थानीय जनताको लागि चुनौतिपूर्ण रहेको र सो को संशोधन गर्न समितिले पहल गरिरहेको स्पष्ट पार्नु भएको थियो । सम्वाद कार्यक्रमले ऐन संशोधनमा तपसिलका बुँदाहरुलाई प्राथमिक प्रावधानका साथ समावेश गर्ने निर्क्योल निकालेको थियो ।

१. मध्यवर्ती क्षेत्रमा वसोवास गर्ने आदिवासी जनजातिहरुको प्राकृतिक श्रोतमा निहित परम्परागत ज्ञान, शीप र पेशा व्यवसाय (माछा मार्ने, डुङ्गा चलाउने, सुन चाल्ने, बालुवा संकलन गर्ने, चरिचरण क्षेत्र, खानेपानी, कन्दमुल/सागपात संकलन गर्ने आदि) र उनीहरुको जीविकोपार्जनसँग प्रत्यक्ष सरोकार राख्ने कुराको उचित संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र समुदायको सहज पहुँच सुनिश्चित गरिनुपर्ने ।

२. मध्यवर्ती क्षेत्रलाई पार्क र संरक्षित क्षेत्रको अंङ्गको रुपमा नलिई छुट्टै स्वतन्त्र क्षेत्रको रुपमा हेरिनु पर्ने, त्यहाँको जनतालाई दैनिक जीविकोपार्जनको लागि उपलब्ध प्राकृतिक श्रोत साधन उपभोग गर्ने र त्यसको संरक्षण/सम्वर्द्धन गर्ने कार्यमा कुनै वाधा पार्न नहुने ।

३. मध्यवर्ती क्षेत्र व्यवस्थापन परिषद्मा छनोट, नियुक्ति वा हटाउने अधिकार निकुञ्ज वा राजनीति दललाई नभई स्थानीय नागरिकलाई हुनु पर्ने । परिषद्मा प्रतिनिधि छनौट वा नियुक्ति गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनु पर्ने ।

४. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षित क्षेत्र, शिकार आरक्ष र सोको मध्यवर्ती क्षेत्र तथा जैविक मार्ग निर्धारण वा स्थापना गर्नु पूर्व त्यहाँका स्थानीय समुदाय विशेषगरी आदिवासी जनजाति र सिमान्तकृत समुदाय वा वर्गसँग स्वतन्त्र र पूर्व सुसुचित जानकारी सहितको मन्जुरी लिनु पर्ने ।

५. निकुञ्ज तथा आरक्षबाट प्राप्त हुने ५० प्रतिशत आम्दानी मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने बासिन्दाको आर्थिक र सामाजिक विकासमा खर्चिनु पर्ने ।

६. बन्यजन्तुबाट हुने भौतिक र मानवीय क्षतिको पूर्ण क्षतिपूर्ति छिटो, छरितो र सहज प्रक्रियाबाट पीडितलाई तत्काल उपलब्ध गराउनु पर्ने ।



**घ. राष्ट्रिय कार्यशाला :** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (पाँचौं शंसोधन) कार्यदल सदस्य, तत्कालीन वन तथा वातावरण संरक्षण समितिका माननीय सदस्यज्यूहरु, सरकारी निकायका पदाधिकारीहरु, मध्यवर्ती क्षेत्र व्यवस्थापन परिषदका अध्यक्ष/संयोजक[3], गैर सरकारी क्षेत्रका प्रतिनिधिहरु, मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने निकुञ्ज तथा आरक्ष प्रभावित समुदायका प्रतिनिधि, मध्यवर्ती क्षेत्र आदिवासी जनजाति जनाधिकार मञ्चका प्रतिनिधि लगायतको उपस्थितिमा २०७३ मंसिर ११ (16 November 2016) मा राष्ट्रिय कार्यशाला सम्पन्न भएको थियो । ऐनको संशोधन प्रकृया सम्बन्धमा भएको प्रगति र संशोधनका लागि प्रस्तावित प्रावधानहरुको बारेमा सरोकारवालाहरुसँग छलफल गरी पृष्ठपोषण लिने/दिने उक्त कार्याशालाको मुख्य उद्देश्य रहेको थियो । संशोधित ऐनको दफावार छलफल भई प्राकृतिक श्रोत/साधनमा समुदायको पहुँच कसरी सुनिश्चित गर्ने भन्ने विषयमा कार्याशाला केन्द्रित रहेको थियो । कार्यशालाले प्राकृतिक श्रोत साधनमाथी समुदायको अधिकार

[3] शुक्लाफाँटा, कोसीटप्पु, पर्सा (वन्यजन्तु आरक्ष) चितवन, शिवपुरी नागार्जुन, रारा, बर्दिया (राष्ट्रिय निकुञ्ज), कन्चनजंघा र गौरीशंकर (संरक्षित क्षेत्र) का मध्यवर्ती क्षेत्र व्यवस्थापन परिषदका अध्यक्ष/संयोजकहरु

सुनिश्चित गर्ने प्रावधान ऐन संशोधन कार्यदलका माननीय सदस्यहरुलाई सिफारिस गरेको थियो । यसका साथै कार्यशालाले तत्कालीन वन तथा वातावरण मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा वातावरण संसदीय समितिलाई समुदायको जीविकोपार्जनको सवालमा ध्यानाकर्षण गराउन २१ बुँदे ध्यानाकर्षण पत्र तयार गरी मिति २०७३ मंसिर १२ (17 November 2016) मा तत्कालीन वन तथा वातावरण संरक्षण समितिका संयोजक माननीय जनक चौधरी, तत्कालीन वन तथा वातावरण मन्त्री महेश आचार्य, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका तत्कालिन महानिर्देशक मन बहादुर खड्कालाई बुझाईएको थियो ।

## ३.३. जीविकोपार्जन तथा खाद्य सुरक्षाको सम्बन्धमा संशोधित ऐनले गरेको व्यवस्था

संशोधित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई नेपाल सरकारले २०७३ चैत्रमा पाँचौं संशोधन गरी मिति २०७३ चैत्र १७ (30 March 2017) मा राजपत्रमा प्रकाशित गरेको थियो । पाचौं संशोधनले वन र नदीजन्य श्रोत साधनमा समुदायको पहुँच सम्बन्धी व्यवस्था गरी उनीहरुको जीविकोपार्जनको दायरालाई केही हदसम्म फराकिलो बनाएको थियो । संशोधित ऐनको दफा ५ को उपदफा २ ले मध्यवर्ती क्षेत्रमा वसोबास गर्ने स्थानीय समुदाय र विशेषत जीविकोपार्जनको लागि प्राकृतिक श्रोत माथि अश्रित स्थानीय तथा सिमान्तकृत समूदायको परम्परागत पेशा व्यवसायको संरक्षण र संबर्धनको लागि निम्न लिखित व्यवस्था गरेको छ-

***दफा ५ (२):*** *दफा ५(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि "वातावरण, वन र वन्यजन्तुलाई प्रतिकूल असर नपर्नेगरी राष्ट्रिय निकुञ्ज वा आरक्षको प्रकृति अनुसार तोकिए बमोजिमका निकुञ्ज वा आरक्षमा परम्परागत रुपमा उपभोग गर्दै आएको सुविधा प्राप्त बाटो, रैथाने चरिचरण, खानेपानी, सिंचाई तथा तटबन्धको प्रयोग गर्न, परम्परागत रुपमा संकलन गर्दै आएको जंङ्ली सागसब्जी तथा कन्दमूल संकलन र माछा मार्न स्थानीयलाई तोकिए बमोजिम अनुमति दिईने छ । साथै उपदफा (३) मा मध्यवर्ती क्षेत्रमा विपदमा परी कुनै परिवारलाई वन पैदावर आवश्यक परेमा र मध्यवर्ती क्षेत्रको कुनै स्थानबाट दफा ३ ख.को उपदफा (६) बमोजिम संकलन गरिएको वन पैदावर प्रर्याप्त नहुने भएमा उपभोक्ता समितिको परामर्शमा संरक्षकले राष्ट्रिय निकुञ्ज वा आरक्षको कुनै स्थानबाट यस्तो वन पैदावर संकलन गर्न तोकिए बमोजिम अनुमति दिईने छ" भन्ने स्पष्ट प्रावधान उल्लेख भएको छ ।*

ऐनको पाँचौं संशोधनले मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने वासिन्दाको परम्परागत रुपमा उपभोग गर्दै आएको वन र नदीजन्य श्रोतहरुमा तपसिल बमोजिम पहुँच स्थापित गरेको छ :

१. साग, सिस्नो, लगायतको जङ्गली कन्दमुल संकलन तथा उपयोग र उपभोग गर्ने,
२. माछा मारेर जीविकोपार्जन गर्ने स्थानीय आदिवासी जनजातिहरुको परम्परागत पेशा व्यवसाय सुचारु गर्ने
३. स्थानीयको घर, गोठ, पौवा आदिको निर्माण र मर्मतका लागि आवश्यक काठ दाउरा संकलन र उपभोग गर्ने,
४. खानेपानी तथा सिंचाईको लागि निकुञ्ज भित्रको पानीको मुहान तथा निकुञ्ज हुँदै वहने नदी, खोला, ताल/तलैयाको प्रयोग गर्ने,
५. मानिस र चौपाया आवतजावतको लागि निकुञ्ज भित्र पर्ने बाटो विना रोकतोक प्रयोग गर्ने,
६. स्थानीय स्तरमा रहेको धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्वको संरचनाहरुको संरक्षण र प्रवर्द्धन गर्ने ।

## ४. आगामी कार्यदिशा तथा सुझाव



ऐनको पाँचौ संशोधन अनुसार नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले मिति मिति २०७६ मंशिर २३ मा नियमावली जारी गरेको थियो तर सो नियमावलीले ऐनको पाँचौ संशोधनको मर्म र भावनालाई सम्बोधन नगरेकोले मध्यवर्ती क्षेत्रका वासिन्दा प्राकृतिक श्रोत माथीको पहुँचबाट बञ्चित भएका छन् । त्यसैले प्रभावित समुदायहरुको जीविकोपार्जन र खाद्य सुरक्षा संकटमा पर्न गई समुदाय, वन्यजन्तु र निकुञ्ज प्रशासन विच द्वन्द्व कायमै छ । निकुञ्ज प्रशासनले स्थानीय वासिन्दा माथी गरेको ज्यादती र दमनको

विरुद्धमा स्थानीय जनप्रतिनिधिहरु नै पटक - पटक धर्ना बस्नुपर्ने[४] र विभिन्न निकायलाई समेत ध्यानाकर्षण गर्नुपर्ने[५] अवस्था सिर्जना भएको छ । ऐनको उचित कार्यान्वयन गर्नका लागि सरोकारवाला निकायहरुले तपसिल बमोजिमको पहलकदमी गर्न आवश्यक छ :

- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले संशोधित ऐनको मर्म र भावना (दफा ५ (२)) बमोजिम नियमावली संशोधन गरी प्रभावित समुदायको प्राकृतिक श्रोत माथिको पहुँच स्थापित गरिनु पर्ने,
- ऐन तथा नियमावलीमा भएको प्रावधानहरुको बारेमा निकुञ्ज प्रशासनले मध्यवर्ती क्षेत्रका वासिन्दा लगायत अन्य सरोकारवाला (जनप्रतिनिधि, सञ्चार क्षेत्र, नागरिक समाज संस्था) हरुलाई अभिमुखिकरण तथा सुसुचित गराउनु पर्ने,
- यस क्षेत्रमा कार्यरत संघ संस्था र नागरिक समाजले संशोधित ऐनको मर्म र भावना अनुरुप नियमावली संशोधनका लागि सम्बन्धित सरोकारवाला हरुसँग आवश्यक वकालत तथा पैरवी कार्यलाई निरन्तर गर्ने,
- मध्यवर्ती क्षेत्रका प्रभावित वासिन्दाहरुले दैनिक जीविकोपार्जन, निर्णय प्रकृयामा प्रभावित समुदायको अर्थपूर्ण सहभागित, श्रोत व्यवस्थापन उपभोगमा स्थानीयका अग्राधिकार लगायतका सवाल सम्बोधनका लागि स्थानीय सरकार, सम्बन्धित संघ संस्था तथा नागरिक समाजसँगको समन्वय र सहकार्यमा संगठित हुने र निरन्तर पैरवी तथा वकालत गर्ने,

---

[४] मिति २०७६ फागुन ७ देखि ९ (19-21 February 2020) सम्म चितवन जिल्ला, माडी नगरपालिकाका जनप्रतिनिधिहरु कृष्ण प्रसाद पौडेल, शिव बहादुर कार्की, अमित लामाले चितवन राष्ट्रिय निकुञ्जले विकास निर्माणका लागि श्रोत परिचालन लगायतका कार्यमा अवरोध गरेको र स्थानीयको जीविको पार्जन, भूमी, खानेपानी र सिंचाई आदिको उपभोगको सवाललाई लिएर निकुञ्ज विरुद्ध धर्ना गरेका

[५] मिति २०७६ फागुन १३ (24 February 2020) चितवन जिल्ला, माडी नगरपालिकाका जनप्रतिनिधिहरुले स्थानीय सरकारले राष्ट्रिय निकुञ्ज भित्रको श्रोत विकास निर्माणका लागि उपभोग गर्न पाउनु पर्ने र यस्था संरचनाहरु स्थानीय सरकारको अधिनमा रहनुपर्ने माग सहित सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा वलीलाई भेट गरेको

## सन्दर्भ सामाग्रीहरू


१. राष्ट्रिय निकुञ्च तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (पाँचौ शंसोधन, २०७३)

२. स्थानीय स्तरमा प्रकाशित भएका प्रिन्ट तथा विद्युतीय माध्ययमका समाचारहरु